भंगहा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः६ मितिः२०७७/१२/०१

## भाग-१

## भंगहा नगरपालिका

### भँगहा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** भँगहा नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भँगहा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “भँगहा नगरपालिकाको आर्थिक ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि भँगहा नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **घर वहाल करः** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (१) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

३. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

४. **जडिबुटी करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटीको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (३) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

५. **विज्ञापन करः** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (४) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसायमा अनुसूचि (५) बमोजिम मनोरंजन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले उपलब्ध गराएको बिभिन्न सेवामा सेवाग्राहीबाट अनूसूचि (६) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो पर्यटकीय क्षेत्रहरुबाट अनूसूचि (७) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

९. **भुमि कर/मालपोत** : नगरपालिका क्षेत्र भित्रको जग्गामा अनुसूची (८) बमोजिम भुमि कर/मालपोत लगाइनेछ ।

१०. **जरिवाना शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्र भित्र भएका विवाद, झैझगडा, द्वन्द्व बापतको अनुसुचि (९) बमोजिमको शुल्क लगाउने असुल उपर गर्नेछ ।

११. **निकासी करः** नगरपालिकाले आफ्नो क्षेत्र भित्रको गोलिया निकासी बापतको अनुसुची (१०) बमोजिमको शुल्क तथा कर लगाइने र असुल उपर गरिनेछ ।

१२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर तीन भन्दा बढी व्यवसाय गर्ने व्यक्ति संस्थालाई अधिकतम तीन वटा व्यवसायमध्ये उच्चतम दरको कर लिइ बाँकी व्यवसायको कर मिनाहा गरिनेछ ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

अनुसुचि १

(दफा २ सँग सम्बन्धित)

## नगरपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा लगाउने घर वहाल करको दर

| क्र.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | कुनै पनि निजी व्यक्तिलाई घर कोठा बहालमा दिएमा घरधनीले नगरपालिकालाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा | भाडाको १०% | |
| २ | कुनै पनि सार्वजनिक सँस्था/सरकारी कार्यालय/ निजी बैंक/सहकारी आदिलाई घर, कोठा बहालमा दिएमा | सम्झौता रकमको १०% | |

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

# अनुसुची २
## (दफा ३ सँग सम्बन्धित)
# नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने व्यवसाय करको दर

| सि.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क(रु) | ख(रु) | ग(रु) |
| १ | होटेल□लज□रेष्टूरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना,नास्ता,लज भएकोलाई (ग)<br>• रेष्टुरेन्ट मात्र भएकोलाई (ख)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टूरेन्टको रु. २०००।०० | ६०० | ४०० | ३०० |
| २ | मासु पसल<br>• रांगाको समेत सवै प्रकारका मासु मात्र बेच्नेलाई (क)<br>• खसी र कुखुरा बेच्नेलाई (क)<br>• रांगा वाहेक खसी वोका सहितको मासु बेच्नेलाई (ख)<br>• रांगा खसी, वोका वाहेकको मासु मात्र बेच्ने लाई (ग) | ६०० | ५०० | ४०० |
| ३ | मदिरा पसल<br>• ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | २००० | १५०० | |
| ४ | कोल्डिंक्स पसल | ३०० | | |
| ५ | सुन चांदी गहना पसल<br>• आफनै सुन चांदी लिई वनाउने र बेच्नेलाई (क)<br>• अरुको सुन चांदी लिई वनाउनेलाई (ख) | १५०० | १००० | |
| ६ | रेडियो□मोवाईल विक्री तथा मर्मत | ५०० | | |
| ७ | संचार सेवा | २५० | | |
| ८ | घडि विक्री तथा मर्मत | १०० | | |
| ९ | केवल टि.भि.सेवा | १५०० | | |
| १० | फोटो स्टुडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टुडियोलाई (ख) | ५०० | २०० | |
| ११ | जुत्ता पसल<br>• जुत्ता सिलाई र बेच्नेलाई (क) | २०० | | |
| १२ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (ख)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ग)<br>• सम्पूर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पूर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरु र्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | १००० | ५०० | २०० |
| १३ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारण प्रेसलाई (ख) | ५०० | २०० | |
| १४ | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क)<br>• पोली क्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | १००० | ५०० | २०० |
| १५ | मेटल वर्कशप | १००० | | |
| १६ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरुको विभिन्न फर्निचर र अरु काठहरुको झयालढोका आदी वनाउनेलाई (क)<br>• कुनै एक मात्र वनाउनेलाई (ख) | २००० | १००० | |
| १७ | ईटा भ ा र ईटा डिपो<br>• ईटा भट्टालाई (क)<br>• ईटा डिपोलाई (ख) | १०००० | ५००० | |
| १८ | कम्प्यूटर ईन्स्टिच्यूट | ५०० | | |
| १९ | दाउरा डिपो | २०० | | |
| २० | पान पसल | ५०।० | | |
| २१ | बेकरी उद्योग र बेकरी पसल<br>• उद्योगलाई (क)<br>• पसललाई (ख) | ५०० | २०० | |

| | | | | |
|---|---|---|---|---|
| २२ | मिलहरु<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | १५०० | १००० | |
| २३ | डिलर | २००० | | |
| २४ | ठेकेदार<br>• नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रु.१,५००।०० | ८००० | ५००० | ३५०० |
| २५ | खूदरा कपडा पसल<br>थोक कपडा पसल | ५००<br>१००० | | |
| २६ | किराना पसल<br>• थोक सहितको किराना पसललाई (क)<br>• पचासहजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | १००० | ५०० | ३०० |
| २७ | खाद्य पसल<br>• थोक सहितको खाद्य पसललाई (क)<br>• खुद्रा मात्रको खाद्य पसललाई (ख) | १००० | ५०० | |
| २८ | भांडा पसल<br>• धातु तथा प्लाष्टिकका भाड्डा तथा सामान बेच्नेलाई (क)<br>• नुवाकोट जिल्लामा उत्पादन भएको माटोको भाड्डा वाहेक अन्यत्रवाट ल्याएर विक्री गर्ने माटोको भाड्डा तथा सामान बेच्नेलाई (ख) | ५०० | २०० | |
| २९ | चुरा धागो तथा श्रृ□रका सामान पसल<br>• थोक सहितको पसललाई (क)<br>• पचासहजार भन्दा बढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | ३०० | २०० | १०० |
| ३० | कुखूरा पालन<br>• एकहजार भन्दा वढी कुखूरा पाल्नेलाई (क)<br>• एकहजार भन्दा कम कुखूरा पाल्नेलाई (ख) | १००० | ५०० | |
| ३१ | तैयारी पोशाक पसल | ५०० | | |
| ३२ | तैयारी जुत्ता पसल | ३०० | | |
| ३३ | दन्त क्लिनिक | ५०० | | |
| ३४ | हार्डवेयर पसल | २००० | | |
| ३५ | ईलेक्टिक्क पसल | ३०० | | |
| ३६ | कानुनी फर्म | ५०० | | |
| ३७ | साईन वोर्ड पेन्टी□ | २०० | | |
| ३८ | फर्निचर एण्ड फर्निसिंग पसल | १००० | | |
| ३९ | स्टेशनरी पसल<br>• खेलकूदका सामग्री सहित भएकोलाई (क)<br>• स्टेशनरी मात्र भएको लाई (ख) | २०० | १०० | |
| ४० | जडीवुटी खरिद विक्री पसल | ५०० | | |
| ४१ | लेखापरीषक | १००० | | |
| ४२ | टेलिभिजन पसल | १००० | | |
| ४३ | अन्य उद्योग<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख)<br>• एकलाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | ३००० | १००० | ५०० |
| ४४ | विज्ञापन सेवा वा एजेन्ट | ५०० | | |
| ४५ | पशु वधुशाला | १००० | | |
| ४६ | अन्तराष्टि्य गैरसरकारी संस्था □शाखा कार्यालय समेत) | ५००० | | |
| ४७ | वित्तिय सेवा<br>• नेपाल सरकारको पूर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य वैंक □क)<br>• वित्तिय संस्थाको शाखा कार्यालय □ख)<br>• □ण तथा बचत सहकारी संस्था □ग) | ५००० | ३००० | २००० |
| ४८ | नीजि स्कूल( २०० भन्दा बढी विद्यार्थी (क) | ३००० | १५०० | |

नगरपालिकाको स्थानीय राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | २०० भन्दा कम विद्यार्थी (ख) | | | |
| ४९ | सिनेमा हल<br>• सिनेमा हललाई (क)<br>• भिडियो हललाई (ख) | १००० | ५०० | |
| ५० | चस्मा पसल | ३०० | | |
| ५१ | शिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल | ३०० | | |
| ५२ | रेफ्रिजेरेटर मर्मत | ५०० | | |
| ५३ | दुग्घ डिपो□पसल | ५०० | | |
| ५४ | व्युटि पार्लर | ३०० | | |
| ५५ | सप्लायर्स | १००० | | |
| ५६ | टेलिफोन टावर राखि संचार सेवा उपलब्ध गराउने संस्थालाई | ५००० | | |
| ५७ | जग्गा विकास□हाउजिं□ | ५००० | | |
| ५८ | म्यानपावर सेवा | १५०० | | |
| ५९ | क्याटेरि□ सेवा | ५०० | | |
| ६० | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | १००० | | |
| ६१ | मार्वल □ टायर पसल | १००० | | |
| ६२ | क्रसर उद्योग | १०००० | | |
| ६३ | सवारी साधनको शो रुम<br>• गाडीको शोरुम (क)<br>• मोटरसाईकलको शोरुम (ख)<br>• टैक्टर तथा अन्य मेशिनरीको शोरुम (ग) | ५००० | ३००० | २००० |
| ६४ | माथि उल्लेख भएको वाहेक अन्य व्यवशाय,सेवा आदीहरुमा स्थानीय स्वायत्त शासन नियमावली,२०५६ को अनुसुची १० को दफा १९ मा तोकिएको हद भित्र रहेर कर असुली गर्ने । | | | |
| ६५ | कृषि सामग्रीको पसल □ भेटेनरी सम्बन्धी पसल | ५०० | | |
| ६६ | आईस क्रिम पसल | १०० | | |
| ६७ | दाना उद्योग | १००० | | |
| ६८ | तारजाली वनाउने उद्योग | १००० | | |
| ६९ | कृषि व्यवशाय (वंगुर, माछा, गाई पालन) | १००० | | |
| ७० | नीजि स्कुल | ५००० | | |
| ७१ | ब्लक/ टायल उद्योग | १५०० | | |
| ७२ | मिनरल वाटर उद्योग | १५०० | | |
| ७३ | पानी टयांकर | ५०० | | |
| ७४ | ग्यास डिपो | १००० | | |
| ७५ | कोल्डस्टोर (शितभण्डार) | २००० | | |

अनुसुची ३

(दफा ४ सँग सम्बन्धित)

## नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने जडिबुटी कर

(प्रचलित नियमानुसार)

अनुसुची — ४

(दफा ५ सँग सम्बन्धित)

## नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने विज्ञापन करको दररेटः

ठेक्का प्रकृया द्धारा विज्ञापनकर उठाउनको लागि देहाय अनुसार दररेट निर्धारण गरी विज्ञापनकर लिने |

भंगाहा नगरपालिकाको स्थानीय राजपत्र

(क) सववोर्ड प्रति वर्गफिट रु.४०|००

(ख) होडिंगवोर्ड प्रति वर्गफिट रु.७५|००

(ग) ग्लोसाइनवोर्ड प्रति वर्गफिट रु.९०|००

(घ) भित्तेलेखन/स्तर पेंटिंग प्रति वर्गफिट रु.२०|००

(ङ) ब्यानर प्रति हप्ता रु.१००|००

(च) पोलवोर्ड प्रति गोटा प्रति बर्ष रु.१,०००|००

(छ) डिजिटल वोर्ड प्रति वर्गफिट रु.२००|००

अनुसुची ५

(दफा ६ सँग सम्बन्धित)

**नगरपालिकाले आफ्नो क्षेत्र भित्र जादु, चटक देखा बापत लगाउने कर —**

मानोरंजनको कार्यक्रम संचालन गर्ने संचालकसंग र नगरपालिका बिच आपसी समझदारीमा मनोरंजन कर शुल्क लिने |

अनुसुची ६

(दफा ७ सँग सम्बन्धित)

**नगरपालिकाले उपलब्ध गराएको सेवाबाट निम्नानुसारको सेवा शुल्क दस्तुर लगाउने र असुल उपर गर्नेछ ।**

नगरपालिकाबाट उपलब्ध गराउने सिफारिसहरुको निम्न वमोजिम निवेदन फारम दस्तुर र सिफारिस दस्तुर लिने |

| सि.नं. | विवरण | सिफारिस दस्तुर रु. |
|---|---|---|
| १ | नाता प्रमाणित | १००|०० |
| २ | धारा / विजुली | १००|०० |
| ३ | नाम,थर आदि सच्याउने | ५०|०० |
| ४ | जग्गा / मोही नामसारी / जग्गा दर्ता /गुठी / रैकर आदि | ५००|०० |
| ५ | जग्गा खरिद विक्रिमा घर, वाटो प्रमाणित | २००|०० |
| ६ | कालोपत्रे मोटरवाटो भएको छ भनी गरिने सिफारिसमा | १५०|०० |
| ७ | अन्य मोटरवाटो भएको छ भनी गरिने सिफारिसमा | १५०|०० |
| ८ | आयश्रोत प्रमानितको सिफारिसमा वार्षिक आयको हिसावले | बार्षिक हुन आउने रकमको ०.१ % का दरले |
| ९ | रुख काट्नको लागि सिफारिस दिदा (क) ५ वटा रुख सम्म<br>(ख) ५ वटा भन्दा बढी | ५०|००<br>२००|०० |

अनुसुची — ७

(दफा ८ सँग सम्बन्धित)

**नगरपालिकाले आफ्नो क्षेत्र भित्र लिने पर्यटन शुल्कः**

(प्रचलित नियमानुसार)

अनुसुची — ८

(दफा ९ सँग सम्बन्धित)

**नगरपालिकाको क्षेत्र भित्रको जग्गाको भुमि कर/मालपोत (तिरो) तिर्नु पर्ने दर**

क. मूल सडकले छोएको जग्गा — प्रति कठ्ठा ५० रुपैया

ख. शाखा सडकले छोएको जग्गा — प्रति कठ्ठा ३० रुपैया

ग. माथि क र ख वाहेकको अन्य जग्गा - प्रति कठ्ठा २० रुपैया

अनुसुची — ९

(दफा १० सँग सम्बन्धित)

**नगरपालिकाले आफ्नो क्षेत्र भित्र भएका झै-झगडा, सामाजिक विवाद, द्वन्द्व बापत लगाउने जरिवाना, शुल्क**

(प्रचलित नियमानुसार)

अनुसुची — १०

(दफा ११ सँग सम्बन्धित)

**नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने गोलिया निकासी गरे बापतको शुल्क तथा कर**

(प्रचलित नियमानुसार)

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत